## विचारसार र सूक्तिहरू

**कसैलाई गलत बुझ्न सजिलो छ तर जुन कुराको लागि गलत बुझ्दैछौं, त्यो कुरा बुझ्न निकै गाह्रो हुन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# विद्युत् विकासमा कामभन्दा कुरा बढी

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सरकार बिजुली सस्तो बनाउन छोडेर विद्युतीय चुलोमा अनुदान बाँड्ने कुरा गर्छ। महसूल सस्तो बनाउनुपर्नेमा लोडसेडिङकालको बढी खपत बढी महसूल अहिले पनि कायम छ। विद्युत् व्यापारमा एकाधिकार ओगटेको प्राधिकरण महसूल बढाउने बहाना खोजिरहन्छ।**

नेपाल विद्युत् प्राधिकरणले भारतलाई विद्युत् निकासी गरेका समाचार आएसँगै निजी क्षेत्रले त्यसको विरोध गर्‍यो। विरोध निकासी भएकोमा होइन, स्वदेशी उद्योगमा १२ घण्टाको अघोषित लोडसेडिङ राखेर भारतमा निकासीको प्रचारबाजीको स्वाभाविक आलोचना थियो। नेपालमा विद्युत् व्यापारको एकाधिकार लिएर बसेको प्राधिकरणका बेथितिहरूको चाङ सानो छैन। त्यसरी नै हाम्रो विद्युत् उत्पादन, खपत र निकासीका तानाबानामा पनि व्यापक विरोधाभास पाइन्छ। आन्तरिक खपतमा माग र आपूर्तिको सन्तुलन मिलाउन नसकिराखेको अवस्थामा हामी भारतलाई १० हजार मेगावाट विद्युत् बेच्ने योजनामा छौं। हामीले बनाएर बेच्ने होइन, भारत आफैंले बनाएर लैजाने मोडालिटीमा काम भइराखेको छ। भारतलाई जति बेच्ने भनिएको छ, करीब त्यति नै परिमाणको उत्पादन क्षमताका खोलानाला भारतीय कम्पनीको जिम्मा लगाइसकिएको तथ्यलाई केलाउँदा यस अभ्यासले प्रकारान्तरमा, भोलिका दिनमा, विद्युत् आपूर्तिमा भारतमाथि निर्भर रहनुपर्ने अर्को उपक्रम बन्न सक्दछ भन्ने कुरामा अहिलेदेखि नै सतर्क हुन आवश्यक ठानिएकै छैन। अहिले पनि एकतिहाई खपतको आपूर्ति भारतबाटै भइराखेको तथ्य हामीसँग छ।

सरकारले अबको ५ वर्षभित्र आन्तरिक उत्पादन र खपत दुवै १० हजार मेगावाट बनाउने भनेको छ। अहिले नै वास्तविक माग ५००० मेगावाट पुगिसकेको छ। २००० मेगावाट भनेको त टुकी विस्थापनको परिमाण मात्रै हो। सन् २०४० सम्म आन्तरिक खपत नै ४३ हजार मेगावाट पुग्ने प्रक्षेपण पनि नयाँ होइन। हामीले विकास गरेका आयोजना नदी प्रवाहमा आधारित छन्। बर्खामा करीब ३००० मेगावाट उत्पादन हिउँदमा आधामा खुम्चिन्छ। प्रसारणका पूर्वाधारको अवस्था भेउ पाउन झ्याप्पझ्याप्प बत्ती जाने समस्या स्मरण गरेमात्रै पुग्छ। यो अवस्थामा हाम्रो आन्तरिक खपतको आपूर्ति कसरी गुणस्तरीय हुन्छ ? १० हजार मेगाावाट उत्पादन र प्रसारणको लागि ४० खर्ब रुपियाँभन्दा बढी स्रोत चाहिन्छ। स्रोतको आधार के हो ? यसको कुनै रणनीति देखिएको छैन। विद्युत् बेचेर खर्बौं कुम्ल्याउने गफ भने पर्याप्त सुन्न पाइएको छ।

नेपालको विद्युत्को सबैभन्दा बढी सम्भाव्य बजार भारत हो भनिराख्दा प्रतिस्पर्धी मूल्यमा उत्पादन गर्न सक्छौं कि सक्दैनौं भन्ने कुरामा हामी सचेत देखिएका छैनौं। भारतीय बजारमैं बिजुली बेच्न पनि सस्तो उत्पादनको खाँचो छ। भारत आज सस्तोमा सौर्य ऊर्जा उत्पादनमा एकोहोरिएको छ। उत्पादनको लागत घटाउनेमा हाम्रो सरकारको प्रयास देखिएको छैन। आवश्यक नीति परिमार्जन र प्रक्रियागत सुधार नभएसम्म यो सम्भव छैन। विद्युत्लाई महँगो बनाएर खपत अभिवृद्धि र निकासी दुवै सम्भव हुँदैन। खपत होस् वा निकासी, यसका लागि विद्युत्को उत्पादन लागत घटाउनुपर्दछ। यो उत्पादन अघि नै मूल्य तोक्ने र व्यापारमा एकाधिकार लिएर बसेको प्राधिकरणको दक्षताबाट सम्भव हुँदैन। यसको बजारीकरणमा पनि निजी क्षेत्रलाई ल्याउनुपर्दछ।

विद्युत् उत्पादन शुरू भएको ८० वर्षपछि सन् १९९२ मा सरकारले विद्युत् ऐनमार्फत निजी क्षेत्रका लागि लगानीको ढोका खोलेको थियो। त्यसयता उत्पादनमा निजी क्षेत्रको सहभागिता उत्साहजनक छ। स्वदेश मात्र होइन, विदेशी कम्पनीले पनि उत्पादनमा हात हालेका छन्। सरकारले विद्युत्को व्यापारमा निजीक्षेत्र ल्याउन पावर एक्सचेन्ज कार्यविधि मस्यौदा गरेको थियो। त्यो कता हराएर गयो, अत्तोपत्तो छैन। विद्युत् व्यापारमा सरकारी स्वामित्वको निकाय नेपाल विद्युत् प्राधिकरणको एकाधिकार अन्त्य गरेर प्रतिस्पर्धी बनाउनुपर्ने आजको माग होइन। व्यापारमा निजी क्षेत्रको प्रवेशले विद्युत् उत्पादन, पूर्वाधार सुधार र मूल्यमा प्रतिस्पर्धासँगै खपतमा वृद्धि हुने कुरामा आशङ्का आवश्यक छैन। अहिले व्यापारमा एकाधिकार पाएको प्राधिकरणले विद्युत्को मूल्यमा मनपरी चलाइरहेको छ। तर यसको मूल्यलाई कसरी प्रतिस्पर्धी बनाउने भन्ने कुरामा चासो राखेको छैन। एकाधिकार खुला बजार अर्थतन्त्रको अवधारणा विपरीत छ। त्यसमाथि विद्युत् जस्तो अत्यावश्यकीय बनिसकेको सेवामा यो एकाधिकार तत्काल खारेजयोग्य छ। सेवा सहज र सुलभ उपलब्ध हुनु आम उपभोक्ताको अधिकार हो। सरकार स्वयं एकाधिकारको चाँजोपाँचो मिलाउन लागेको छ। उत्पादन प्रक्रिया र पद्धतिलाई सुलभ र सहज बनाउनुपर्दछ। लगानी खुला गर्दा सरकारले आन्तरिक लगानीलाई प्रोत्साहन दिनुपर्दछ। उत्पादन, प्रसारण र वितरणका लागि बेग्लाबेग्लै कम्पनी खडा गरेर त्यस्ता कम्पनीमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नु बढी सान्दर्भिक र सापेक्ष हुन्छ।

अमेरिकी विदेश मन्त्रालयको एउटा प्रतिवेदनले ऊर्जा, पर्यटन, सूचना तथा सञ्चार, पूर्वाधार र कृषिलगायत क्षेत्रलाई लगानीका मुख्य सम्भाव्य क्षेत्र भनेको थियो। विद्युत्को अनियमित आपूर्तिले एकातिर घरेलु ग्राहकहरू हैरानी बेहोर्न बाध्य छन् भने उद्योगहरू ठूलो नोक्सानीमा परिरहेका छन्। जलविद्युत् क्षेत्रमा कामभन्दा चर्चा बढी भइराखेको छ। प्राधिकरण सुधारका प्रयासहरू संस्थागत नभएर व्यक्तिगत चर्चा र व्यक्ति केन्द्रित हुनु स्वयं प्राधिकरणको संस्थागत स्वास्थ्य र सुशासनका लागि पनि सही अभ्यास होइन भन्ने कुरा अहिले आएर प्रमाणित भइसकेको छ। कुनै बेला वाहवाही कमाएका कुलमान अहिले आलोचनाको चुलीमा छन्। सस्तो ऊर्जा उत्पादन र त्यसको प्रत्याभूतिलाई नेपालले लगानी आकर्षणको आधार बनाउने हो भने लगानी आउन सक्दछ। यसतर्फ अपेक्षित गृहकार्य त परको कुरा, सोचसमेत बन्न सकेको छैन।

आन्तरिक खपतलाई प्राथमिकता दिंदै बचत भएको विद्युत्मात्र निकासी गर्ने योजना बनाउनुपर्दछ। विद्युत्को प्रतिव्यक्ति खपतले राष्ट्रिय आम्दानी वृद्धि हुने अध्ययनले देखाएको छ। खपत बढाउन नियमित र गुणस्तरीय आपूर्ति हुनुपर्दछ। विद्युतीय सवारी र उपकरणाको प्रयोगलाई नीतिगतरूपमैं प्रोत्साहन गर्नुपर्दछ। तर, विद्युतीय सवारीमा बर्सेनि कर बढाइएको छ। विद्युत्को खपत वृद्धिबाट आयातित इन्धनको प्रतिस्थापन, त्यसबाट विदेशी मुद्रा सञ्चितिमा बचत, मूल्यवृद्धिमा पर्न जाने सकारात्मक प्रभाव, व्यक्तिगत हुँदै राष्ट्रिय अर्थतन्त्रमा पर्न जाने चक्रीय प्रभाव हेर्नुपर्दछ। विद्युतीय सवारीका करका दर कसेर अर्थतन्त्रमा चमत्कारी सुधार हुने होइन। सरकार, खाना पकाउने ग्याँसको मूल्यमा अनुदान दिंदा, घाटाको तथ्याङ्क सुनाउँछ। तर, यसलाई विद्यत्बाट विस्थापन गर्ने प्रभावकारी योजना भने ल्याउँदैन। ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयले 'स्वदेशी विद्युत् जोडौं, विदेशी ग्याँस छोडौं' भन्ने उद्घोष गरेको थियो। त्यो नारा कागजमैं थन्कियो।

सरकार बिजुली सस्तो बनाउन छोडेर विद्युतीय चुलोमा अनुदान बाँड्ने कुरा गर्छ। महसूल सस्तो बनाउँदै लैजानुपर्नेमा लोडसेडिङकालको बढी खपत बढी महसूल नीति अहिले पनि कायम छ। विद्युत् व्यापारमा एकाधिकार ओगटेर बसेको प्राधिकरण महसूल बढाउने बहाना खोजेर बसिराखेको देखिन्छ। यस्तो नीति र नियतले कसरी खपत बढ्छ ? विद्युत् निर्यात गरेर धनी बन्ने सपनामात्रै देख्ने कि स्वदेशभित्रै विद्युत् खपत बढाएर समृद्धितर्फ अघि बढ्ने यो नियतमा भर पर्ने कुरा हो। यसका लागि स्पष्ट र दूरगामी रणनीतिक योजनाको खाँचो छ।

# सार्वभौम र सनातन हाम्रो संस्कृति

हाम्रो ज्ञान परम्पराको मूल स्वरूप अष्टादश विद्यामा सन्निहित ज्ञान–विज्ञानको रूपमा विद्यमान छ। यी विद्याहरूको सहयोगले जुन सूत्र–सिद्धान्त सृजन भएको छ, ती सबै सयौं ग्रन्थका आकार प्राप्त गरेर हाम्रो आत्मज्ञानको शिखालाई प्रज्वलित बनाइराखेका छन्। यो ज्ञानरूपी उत्तराधिकार हाम्रो संस्कृतिको हजारौं वर्षको यात्रामा वास्तविक चिन्मय सम्पत्ति हो।

**मानवीय जीवनका समस्त क्रियाशीलता र सम्भावनाहरूलाई चार भागमा विभाजित गरेर पुरुषार्थको सिद्धान्त प्रतिपादित गरिएको हो। यो सिद्धान्त हाम्रो जीवनपद्धतिको मूल आधार हो।**

यसै ज्ञान–रहस्यका कारण आजसम्म यस संस्कृतिको जीवन अक्षुण्ण रहेको छ र भविष्यमा पनि रहने छ। अन्य संस्कृतिहरूजस्तै हाम्रो देव–संस्कृतिको ध्येय कहिले पनि आधिभौतिक रहेन, अपितु पूर्णतः आध्यात्मिक बन्यो। ज्ञान यसको आत्मा हो, जुन अध्यात्मरूपी प्राण बनेर यसको कण–कणमा व्याप्त छ।

अध्यात्मविना यस संस्कृतिको कल्पना पनि असम्भव छ। यसको समस्त परिवेश नै अध्यात्मले ओतप्रोत छ, त्यसैले समग्र विश्वले पनि यसलाई आध्यात्मिक ज्ञानको आरम्भिव अवस्थाको रूपमा चिनेको छ। सर्वोच्च ज्ञानको प्राप्ति हाम्रो संस्कृतिको महानतम आदर्श हो।

यस आदर्शलाई प्राप्त गर्ने चुनौती र त्यसमा विजय प्राप्त गर्ने मार्ग, दुवै यस संस्कृतिबाट विनिर्मित सुसंस्कारित समाजको जीवन–पद्धति र जीवन–मूल्यहरूमा समाहित छन्। सर्वोच्च ज्ञानको स्वरूप पूर्णतः आध्यात्मिक छ, जुन मानवीय आत्माको धरातलमा नै प्रस्फुटित हुन्छ। यस परम आदर्शलाई बुझ्ने र बाँच्ने दुई भिन्न धाराले समान–संयुक्तरूपले हाम्रो सांस्कृतिक यात्राको नेतृत्व गर्दै आइरहेका छन्।

एउटा धारा ज्ञानको हो र दोस्रो विज्ञानको। ज्ञानलाई जान्न र बुझ्नका लागि विभिन्न शास्त्र, विधाहरूको निर्माण भएको छ र तिनको श्रेष्ठतम व्याख्या–विवेचनाको परम्परा विकसित गरिएको छ। दोस्रो धारा विज्ञानको हो, जसमा त्यस प्राप्य ज्ञानलाई कला र सुसङ्गत जीवनपद्धतिका विविध आयामहरूको धर्म, कर्म, संस्कार एवं परम्पराहरूको रूपमा स्थापित गरिंदै आएको छ।

ध्यान दिनुपर्ने कुरा यो हो कि हाम्रा ऋषिहरूले जसलाई विज्ञान भनेका छन्, त्यो वर्तमान तथाकथित भौतिक विज्ञानभन्दा सर्वथा भिन्न छ। ऋषि–अवधारणामा विज्ञानको तात्पर्य हो– त्यो ज्ञान, चिन्तन अथवा सिद्धान्त जुन हाम्रो जीवन व्यवहार, जीवन र चरित्रको हिस्सा बनिसकेको छ अर्थात् ज्ञान जब व्यवहारमा परिणत हुन्छ अनि त्यो विज्ञान भनिन्छ।

ज्ञान र विज्ञान–दुवै धारा अन्योन्याश्रित, शाश्वत र चिरनूतनताका साथ हाम्रो सभ्यता, संस्कृति र समाजको ऐश्वर्यता, वैभव, प्रखरता र श्रेष्ठताका परिचायक हुन्। अध्यात्म तत्त्वका यी दुवै विमल धारा विभिन्न मार्गबाट बग्दै भारतवर्षको भूमि मात्र होइन, वरन समस्त विश्व–वसुधाको जीवनलाई उर्वरता प्रदान गरेर मानवतालाई पोषित गर्दै आइरहेका छन्।

हाम्रो संस्कृति जीवनमा समाहित ज्ञान–विज्ञानका अभेदरूपी अध्यात्म तत्त्वलाई बुझ्न दुनियाँका लागि सहज भने छैन। दुनियाँले यो त मान्दै आएको छ कि हाम्रो संस्कृति र हाम्रो भूगोल अध्यात्मवादीहरूको देश हो, तर दुनियाँले यो पनि बुझ्नु आवश्यक छ कि यहाँ अध्यात्मको तात्पर्य यो कदापि होइन कि मानिस केवल आत्मबोध र आत्मचिन्तन कार्यमा निमग्न रहन्छन्। यस चिन्तनको शिखर त हाम्रा ऋषिहरूले सभ्यताको प्रारम्भभन्दा पूर्व नै प्राप्त गरिसकेका थिए। ऋग्वेदको 'नासदीय सूक्त'मा यस चिन्तनको गहनता देख्न सकिन्छ।

सारा संसार जीवनको जुन स्थायी सुख र आनन्द पाउन बौलाहाजस्तै भौतारिइरहेको छ, त्यसलाई हाम्रा ऋषिहरूले आदिकालमा नै खोजेर ब्राह्मीस्थिति, मोक्ष, निर्वाण आदि थरीथरीका रूपमा प्रस्तुत गरिदिएका छन्। त्यसपछि यो स्वाभाविक प्रश्न उठ्न सक्छ कि जब जीवनमा गूढतम रहस्य र शाश्वत सुख–स्रोतहरू ऋषिहरूले खोजेर पहिले नै प्रस्तुत गरिसकेका छन् भने अब दुनियाँमा खोज्नलायक शेष नै के रह्यो ?

यसको उत्तर यही हो कि जे खोजिसकिएको छ र जसको सबैलाई आवश्यकता पनि छ, त्यहाँसम्म पुग्ने मार्ग खोज्ने। कुनै एक, दुई वा हजारका लागि होइन, अपितु मानव मात्रका लागि यस्तो मार्ग आवश्यक छ, जसमा हिंडेर सम्पूर्ण मानव जातिलाई शाश्वत सुख, परम शान्ति र सन्तुष्टिको लक्ष्य प्राप्त हुन सकोस्।

दुनियाँले स्थायी सुख–शान्ति र आनन्दको इच्छालाई मनमा जीवन्त त बनाइराखेको छ, तर यसलाई प्राप्त गराउन सक्ने मार्ग खोज्न भने असफल नै रहेको छ। भौतिकवाद, भोगवाद र वैज्ञानिक क्रान्तिका साधन–संसाधनहरूको उच्चतम विकासले पनि अन्तर्मनमा थिचिएका इच्छा एवं भावनालाई कुनै सार्थक लाभ पुर्‍याउन सकेन, अपितु यसको उल्टो अशान्ति, असन्तुष्टि, निराशा र अनेक दुःखदायी स्थिति जन्माएको छ। जीवनमा सुख–शान्ति, सन्तुष्टि र आनन्दको खोज यथावत् कायम छ।

सम्पूर्ण मानवता यसका लागि लालायित छ, तर उसका सामु यस्तो कुनै मार्ग छैन, जसमा हिंडेर इच्छित लक्ष्य प्राप्त गर्न सकोस्। यस सन्दर्भमा सारा दुनियाँलाई यो बताउनु आवश्यक छ कि जुन मार्गको खोज भइरहेको छ, त्यो मार्ग हाम्रो ऋषि संस्कृति र जीवनपद्धतिमा पहिलेदेखि नै विद्यमान छ। यसको अनुसरण गरेर दुनियाँको प्रत्येक व्यक्ति आफ्नो जीवनमा चिरस्थायी सुख, आनन्द र सन्तुष्टि प्राप्त गर्न सक्छ।

पूर्वीय संस्कृतिमा जीवनपद्धतिको निर्माण जुन आदर्श र मूल्यहरूलाई आधार बनाएर गरिएको छ, त्यसमा हिंड्ने मानिसलाई जीवनको चरम लक्ष्य प्राप्त हुने सुनिश्चिछ छ। यसको प्रत्यक्ष उदाहरण यस भूगोलको आद्यतन इतिहासमा महापुरुष, महामानव तथा महान् व्यक्ति तथा महान् व्यक्तित्वहरूको जीवन–दर्शन हो, जसले हरेक युगमा स्वयं आदर्श बनेर विश्व मानवतालाई मार्गदर्शन गराए।

हाम्रा ऋषिहरूले यस संस्कृतिको पोषणका लागि जुन जीवनपद्धतिको निर्माण गरेका छन्, त्यो आध्यात्मिक जीवन–दृष्टिमा आधृत एउटा सम्पूर्ण जीवन विज्ञान हो। शास्त्रहरूमा मानिसको चतुर्वर्ग, पुरुषार्थ, वर्णाश्रम, धर्म–कर्म, कर्तव्य आदिको विशद व्याख्यामा अध्यात्म विज्ञानकै प्रस्तुति छ।

मानवीय जीवनका समस्त क्रियाशीलता र सम्भावनाहरूलाई चार भागमा विभाजित गरेर पुरुषार्थको सिद्धान्त प्रतिपादित गरिएको हो। यो सिद्धान्त हाम्रो जीवनपद्धतिको मूल आधार हो। धर्म, अर्थ, काम, मोक्षरूपी पुरुषार्थको चर्चा प्रायः सबै दर्शन, धर्मशास्त्र, इतिहास, ग्रन्थ, महाकाव्य, स्मृति एवं पुराणहरूमा विस्तारले गरिएको छ।

यस विस्तृत विवेचनामा ऋषिहरूको अध्यात्म विज्ञानका सूक्ष्म एवं मार्मिक पक्षहरूलाई कसरी मानवीय वृत्ति कर्म, आचरण एवं चरित्रको स्तरमा समाहित गरेर एउटा समग्र जीवनपद्धति विनिर्मित गरिएको छ, यस सत्यको अनावरण गरिएको छ।

ललितकलाददेखि आयुर्वेद, धनुर्वेद, शल्यविद्या, रसायन शास्त्र, नक्षत्र विद्या, गणित विद्या, काव्य, नाटक, साहित्य, सङ्गीत आदि अनेक विधाहरूमा मानवीय रचनात्मकता र सृजनशीलताको विकसित रूप हाम्रो जीवनपद्धतिको समग्रतामा देख्न सकिन्छ।

हाम्रो संस्कृतिको जीवन–दृष्टि आध्यात्मिक अवश्य छ, तर त्यसमा आधृत जीवनपद्धतिमा अध्यात्म र आधिभौतिक जीवनको सार्थक एवं अनुपम समन्वय छ।

ज्ञानका साथ कर्म, योगका साथ भोग र अध्यात्मका साथ विज्ञानको समन्वयले यसलाई विश्वको महानतम संस्कृति बनाउँछ। यो समन्वय, ज्ञानलाई आचरणमा, व्यवहारमा ल्याउने उत्कृष्ट प्रविधिका रूपमा व्यक्ति, समाज र संस्कृतिको जीवनमा घुलमिल भएको छ। यसमा समाहित सूक्ष्म मानवीय मनोविज्ञान पनि दुनियाँले बुझ्नु जरुरी छ।

जस्तै चार पुरुषार्थ व्यक्तिको जीवन–मार्गका आदर्श हुन्, त्यसै प्रकार समाज र समष्टिको कल्याणको आदर्श मार्ग चार आश्रमका रूपमा विद्यमान छन्। ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास–यी सार्वभौमिक मानवताको प्रतिष्ठा एवं कल्याणका ऋषिप्रणीत स्वर्णिम सूत्र हुन्।

मानव जीवनका उक्त चार सोपानहरूमा विश्व समाजको सर्वाङ्गीण विकास, सन्तुलन र परम कल्याणको मनोविज्ञान मिसिएको छ। सर्वप्रथम ब्रह्मचर्य आश्रम अर्थात् जीवन प्रारम्भका प्रथम चरणमा शरीर, मन र बुद्धिलाई शुद्ध र संवर्द्धित गरेर एउटा आदर्श व्यक्तित्व र क्षमतावान, उपयोगी जीवन निर्माण गर्नु हो।

दोस्रो चरणमा साधन–संसाधन र इच्छित कामनाहरूको धर्मानुकूल वृद्धि र उपयोग तथा परिवार, समाज र राष्ट्रसँग जोडिएका सबै कर्तव्यहरूको नैतिकरूपमा पालन गर्नु हो।

तेस्रो चरणमा घर–परिवारका जिम्मेदारीहरूबाट बाहिर निस्केर आफ्नो अनुभव र चिन्तनलाई समाजमा निस्स्वार्थ भावले बाँड्नु हो, जसले गर्दा उनका सांसारिक जीवनका दुःख, कष्ट र समस्या कम गरेर सही दिशा प्रदान गर्न सकियोस्।

चौथो चरण हो आत्मसिद्धिको–विज्ञान जगत्बाट ज्ञान जगत्मा प्रवेश गर्ने। यो योग, त्याग, वैराग्य, भक्ति र निवृत्तिको सोपान हो। यहाँ पुगेर मनुष्य जीवन आफ्नो सम्पूर्णतामा विकसित हुन्छ।

शाश्वत सुख, परम शान्ति, पूर्ण सन्तुष्टि र चरम सत्यको प्राप्ति गराउने विज्ञान हाम्रो जीवनपद्धतिको केन्द्रमा स्थित छ। मानवीय स्वभाव र मनोविज्ञानलाई ध्यानमा राखेर हाम्रा ऋषिहरूले एउटा आदर्श जीवनपद्धति निर्माण गरेर प्रत्येक मानिसका लागि सार्थक जीवन बाँच्ने मार्ग सृजित गरेका छन्।

यस मार्गमा हिंडेर नै पूर्वीय संस्कृति विश्वमा यति महान् र उदात्त बन्न सकेको हो। यो जीवनपद्धति बाँच्ने तरीका वा व्यवस्था मात्र नभएर जीवनको उत्कृष्टतम विकासको विज्ञान हो।

पुरुषार्थका चार स्तम्भ, वर्णाश्रमका चार सोपान, संस्कारहरूको सोह्र अनुबन्ध र जीवनपर्यन्तका व्रत, तिहारजस्ता दिव्य परम्पराहरू–यी सबैमा अध्यात्म–विज्ञान समाहित छ।

हाम्रो संस्कृतिको सर्वस्व, एउटा श्रेष्ठतम एवं सर्वोत्कृष्ट सम्पूर्ण जीवन विज्ञानको पर्याय हो। हाम्रो भूगोलको अध्यात्मवादी जीवनमा शास्त्रहरूको रूपमा मानवीय ज्ञानको शिखर विद्यमान छ र संस्कृतिको रूपमा मानवीय विज्ञानको व्यापकता पनि विद्यमान छ। यो एउटा सार्वभौम सत्य हो कि यहाँका शास्त्र र संस्कृतिको आवश्यकता समस्त मानवताका लागि वरेण्य छ।

समुद्र यात्राबाट फर्केका यात्रीले समुद्रमा माझीसँग सोधे– "भाइ ! म त समुद्रमा टाढाटाढा घुमेर आएँ तर एउटा पनि मोती फेला परेन। तिमी त डुबुल्की लगाउँछौ र मोती झिक्छौ।"

डुबुल्कीबाजले भने–"मित्र, जीवनमा तिनलाई सफलता प्राप्त हुँदैन जो विनाउद्देश्य लामो यात्रा गर्छन्; लक्ष्य निर्धारित गरेर त्यसैमा एकाग्र भएर प्रयास गर्नेलाई पो सफलता प्राप्त हुन्छ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतको खाद्य प्रशोधन कारखानामा आगलागी हुँदा तीनजनाको मृत्यु

नयाँ दिल्ली (भारत), २६ जेठ/एएनआई

भारतको उत्तरी दिल्लीको नरेला औद्योगिक क्षेत्रमा रहेको खाद्य प्रशोधन कारखानामा शनिवार बिहान आगलागी हुँदा तीनजनाको मृत्यु हुनुका साथै छजना घाइते भएको दिल्ली प्रहरीले जनाएको छ।

प्रहरीलाई घटनाबारे पिसिआर कलबाट सूचना प्राप्त भएपछि प्रहरी कर्मचारीहरू फूड्स लिमिटेडमा पुग्दा आगो लागिरहेको थियो। घटना हुँदा नौजना कारखानाभित्र रहेको जनाइएको छ। उनीहरूको उद्धारपछि तत्कालै नरेलाको एसएचआरसी अस्पतालमा लगिएकोमा घाइतेमध्ये तीनजनालाई अस्पतालले मृत घोषित गरेको प्रहरीले जनाएको छ।



तस्वीरः एजेन्सी

प्रहरीका अनुसार ग्याँस बर्नरमा कच्चा मुग भर्ने क्रममा ग्याँसको एउटा पाइपलाइनमा ग्याँस चुहिएर दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ। आगो फैलिंदा कम्प्रेसर अत्यधिक तातेर विस्फोट भएको थियो।

मृत्यु हुनेहरूमा श्याम, राम सिंह र बीरपा रहेको पुष्टि भएको छ। घाइतेमध्ये पुष्पेन्द्र आकाश, मोहितकुमार, रवि कुमार, मोनु र लालू रहेका छन्।

घटनासँग उपयुक्त धारा अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान शुरू गरिएको प्रहरीले जनाएको छ। रासस

## अपोलो-८ अन्तरिक्ष यात्री एन्डर्सको विमान दुर्घटनामा मृत्यु

वाशिंगटन डिसी, २६ जेठ/एएफपी

५५ वर्ष अघि अन्तरिक्षबाट



तस्वीरः एजेन्सी

ऐतिहासिक ‘अर्थराइज’ फोटो खिच्ने पूर्व अमेरिकी अन्तरिक्षयात्री विलियम एन्डर्सको शुक्रवार ९० वर्षको उमेरमा विमान दुर्घटनामा मृत्यु भएको उनको परिवारले जनाएको छ।

एन्डर्स सानो विमान उडाउँदै गर्दा शुक्रवार बिहान वाशिंगटन राज्यको तटमा दुर्घटनाग्रस्त भएको उनका छोराले अमेरिकी मिडियालाई बताए। विमानमा एन्डर्स एक्लै थिए। शेरिफ एरिक पिटरले दुर्घटना क्षेत्रमा खोजी भइरहेको तर अहिलेसम्म शव फेला नपरेको बताए।

डिसेम्बर १९६८ मा अपोलो-८ मिशनको सदस्य, एन्डर्स आफ्ना समकक्षी फ्रान्क बोर्मन र जेम्स लभेलसँगै चन्द्रमामा पुग्ने पहिलो व्यक्तिमध्ये एक थिए।

चन्द्रमाको एउटा कक्षबाट एन्डर्सले अन्तरिक्षको विशाल अन्धकारविरुद्ध चम्किलो नीलो पृथ्वीको फोटो खिचेका थिए। ‘अर्थराइज’ नामक उक्त तस्बिर प्रमुख ऐतिहासिक छविहरूको राउन्डअपमा सूचीबद्ध गरिएको छ, र लाइफ म्यागजिनको पुस्तक ‘संसार बदलेका १०० तस्बिर’हरूको सूचीमा समावेश गरिएको थियो।

“सन् १९६८ मा अपोलो-८ को समयमा बिल एन्डर्सले मानवतालाई अन्तरिक्ष यात्रीले दिन सक्ने सबैभन्दा ठूलो उपहार प्रदान गरेका थिए”–नासाका प्रमुख बिल नेल्सनले सामाजिक सञ्जाल एक्समार्फत बताए।

सन् १९३३, अक्टोबर १७ मा हङकङमा जन्मेका एन्डर्सले अन्तरिक्ष यात्रीको रूपमा आफ्नो समयपछि विभिन्न प्रविधि–सम्बन्धित सरकारी पदहरू सम्हाले।

उनी विशेषगरी आणविक नियामक आयोगको पहिलो अध्यक्ष बने र त्यसपछि नर्वेका लागि अमेरिकी राजदूतको रूपमा पनि सेवा गरे। रासस

## चीन र पाकिस्तानीबीच सिपेक स्तरोन्नतिको सहमति

इस्लामाबाद (पाकिस्तान),२६ जेठ/एएनआई

चिनियाँ राष्ट्रपति सी जिनपिङ र पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफले चीन-पाकिस्तान इकोनोमिक कोरिडोर (सिपेक)को स्तरोन्नति गर्न सहमति भएको छ।

आम चुनावपछि पाकिस्तानी प्रधानमन्त्री शाहबाज शरीफ र उनको प्रतिनिधिमण्डल चीनको पाँच दिने भ्रमणमा रहेको अवस्थामा यस्तो सहमति भएको हो। दुई नेताले सिपेकको स्तरोन्नति र मेगा परियोजनाको विकासलाई दोस्रो चरणमा अगाडि बढाउन सहमति जनाएका छन्। पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफले सिपेकको दोस्रो चरणको उद्घाटन गर्ने सम्भावना रहेको जनाइएको छ।

यद्यपि यो यात्राले सामान्यतया जूनको पहिलो हप्तामा प्रस्तुत हुने वार्षिक सङ्घीय बजेटमा ढिलाइ निम्त्याएको छ भने सरकारको अस्थायी योजना अनुसार जून १२ मा प्रस्तुत हुने अपेक्षा गरिएको छ। पाकिस्तानी प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपति सीलाई आर्थिक सुधार, दिगो विकास, औद्योगिक विकास, कृषि आधुनिकीकरण, क्षेत्रीय सम्पर्क र देशको विकासमा सिपेकले खेलेको महत्त्वपूर्ण भूमिकाका लागि पाकिस्तानको नीतिबारे जानकारी गराए।

उनले सिपेकको उच्च गुणस्तरीय विकास र घनिष्ठ समन्वयको माध्यमबाट दुई देशको विकास रणनीतिबीच तालमेललाई बढावा दिन पाकिस्तानको प्रतिबद्धतालाई जोड दिए। प्रधानमन्त्री शाहबाजको राष्ट्रपति सीसँग पदभार सम्हालेपछि यो पहिलो भेट भएको हो। प्रधानमन्त्री कार्यालयबाट जारी विज्ञप्तिका अनुसार यो भेट दुई देशबीचको घनिष्ठ मित्रता र रणनीतिक सम्बन्धको परम्परागत न्यानो प्रतिविम्बद्वारा उजागर गरिएको थियो। पाकिस्तानी प्रधानमन्त्री शरीफले राष्ट्रपति सीको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) र ग्लोबल डेभलपमेन्ट इनिसिएटिभको प्रशंसा गर्दै बिआरआईको प्रमुख परियोजनाका रूपमा सिपेकले पाकिस्तानको सामाजिक–आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएकोमा जोड दिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – कान्तिक्षय |
| मिथुन – अन्नलाभ | कर्कट – व्यर्थभ्रमण |
| सिंह – प्रसन्नता | कन्या – पदोन्नति |
| तुला – ईश्वरभक्ति | वृश्चिक – कष्टानुभूति |
| धनु – नारीसुख | मकर – धनलाभ |
| कुम्भ – सन्तानसुख | मीन – वाहनकष्ट |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे








बागलुङको ढोरपाटन नगरपालिका-९ स्थित फल्लेघर क्षेत्रमा लगाइएको आलु। बुर्तिबाङ-ढोरपाटन सडक छेउमा रहेका आलुबारीले नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटन पुग्ने पर्यटकलाई समेत आकर्षित गर्ने गरेको छ।
तस्बिर : डम्मर बुढामगर/रासस

## चिडियाखानाको जग्गा अतिक्रमणमा

वीरगंज, २६ जेठ/रासस

पर्साको वीरगंज महानगरपालिका–३२ रामवनमा निर्माणाधीन चिडियाखाना व्यवस्थित गर्न थालिएको छ। चिडियाखानाको घेरबार गर्ने काम आधा सकिएको छ। करीब ५० हेक्टर क्षेत्रफलमा निर्माण गर्न लागिएको सो चिडियाखानाको घेराबारको काम ६० प्रतिशत सकिएको छ।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाका अनुसार उक्त प्राकृतिक चिडियाखानाको जग्गा अतिक्रमणमा परेको छ। केही स्थानीयले जग्गा अतिक्रमण गरेको उनले बताए। “यसबाट चिडियाखानाको घेराबार गर्ने काम प्रभावित भएको छ,” उनले भने, “सरोकारवाला निकायसँग समन्वय गरेर काम अघि बढाउने योजना बनाएका छौं।” चिडियाखाना रु एक अर्ब सात करोडको लागतमा निर्माण गर्न लागिएको हो। विसं २०७९ असोजदेखि चिडियाखाना निर्माण थालिएको हो। चिडियाखाना ५० हेक्टर क्षेत्रफलमा फैलिएको छ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले प्रस्तावित चिडियाखानाको अतिक्रमित जग्गा रेखाङ्कन गरी हटाउने प्रक्रिया अघि बढाइने बताए। शुक्रवार बसेको सर्वपक्षीय बैठकले चिडियाखाना रहेको जग्गा अतिक्रमण हटाउन सूचना जारी गरिएको छ। “चिडियाखानाको सीमाङ्कन गर्न सार्वजनिक र निजी आबादी जग्गा छुट्याउन नापी कार्यालयलाई अनुरोध गरिएको छ।” चिडियाखाना निर्माण गर्न ढिला गर्न नहुने उनको भनाइ छ।

## झन्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्ने पूर्वाधार तयार

काठमाडौं, २६ जेठ/रासस

झन्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्ने क्षमता भएको चार सय केभी क्षमताको हेटौंडा सबस्टेशन निर्माण सम्पन्न भएको छ। देशभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण तथा विस्तारका लागि मकवानपुरको हेटौंडा उपमहानगरपालिका–११ थानाभञ्याङमा सो सबस्टेशन निर्माण भएको हो। ग्याँस इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित स्वचालित नेपालको तेस्रो ठूलो चार सय केभी हेटौंडा सबस्टेशन निर्माण सम्पन्न गरी शुक्रवार साँझदेखि सञ्चालन (चार्ज)मा ल्याइएको छ। यसैगरी, नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट थानाभञ्याङमा नै २२० र १३२/११ केभी क्षमताका सबस्टेशन निर्माण सम्पन्न गरी शुक्रवार नै चार्ज गरिएको छ।



तस्वीरः सौजन्य

मुलुकभित्रको पूर्व–पश्चिम विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन र भारतसँग विद्युत् व्यापारका लागि निर्माण गरिएको जिआइएस प्रविधियुक्त स्वचालित ढल्केबर मुलुककै पहिलो, इनरुवा दोस्रो र हेटौंडा तेस्रो ठूलो सबस्टेशन हो। हेटौंडा सबस्टेशनको निर्माण सम्पन्न भएसँगै करीब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्ने पूर्वाधार संरचना तयार भएको छ। हेटौंडा–ढल्केबर–इनरुवा चार सय केभी प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व–पश्चिम पनि चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिकरूपमा विद्युत् आपूर्ति थप सुदृढ हुने र भारतसँग विद्युत् व्यापार थप विस्तार हुनेछ।

आयोजना अन्तर्गत ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न हुनै लागेको छ। हेटौंडा–ढल्केबर खण्ड निर्माणाधीन छ। हेटौंडा उपमहानगरपालिकका १५, १६, १७ र ११ नम्बर वडामा स्थानीयको अवरोधका कारण प्रसारण लाइन निर्माण सम्पन्न हुन सकिरहेको छैन। अवरोध नभएका ठाउँमा निर्माण भइरहेको छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हेटौंडा सबस्टेशनबाट स्थानीयरूपमा पनि विद्युत् आपूर्ति गरिने हुँदा हेटौंडा, भरतपुर, सिमरा तथा वीरगंज क्षेत्रको विद्युत् आपूर्तिलाई थप भरपर्दो र गुणस्तरीय बनाउन सहयोग पुग्ने बताए।

कार्यकारी निर्देशक घिसिङले भने–“नेपालका मध्य क्षेत्रका नदी करिडरका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गरी देशभित्र खपत गरी बचत भएको विद्युत् हेटौंडा–ढल्केबर चार सय केभी प्रसारण लाइनमार्फत भारत निर्यात गर्न थप सहज हुनेछ, साथै हेटौंडाबाट भरतपुर बर्दघाट हुँदै नयाँ बुटवल सबस्टेशनसम्म विद्युत् प्रवाह सहज हुनेछ।”

हेटौंडा सबस्टेशनलाई आवश्यकता अनुसार भविष्यमा थप विस्तार गर्दै जान मिल्नेगरी निर्माण गरिएको आयोजना प्रमुख शुक्र देवकोटाले बताए। अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सबस्टेशनमा ल्याएर जोडिने छ। यसका लागि हेटौंडा सबस्टेशनमा आवश्यक पूर्वाधार संरचना निर्माण गरिसकिएको आयोजना प्रमुख देवकोटाले बताए।

राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रम अन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा, ढल्केबर इनरुवा ४०० केभी सबस्टेशन विस्तार आयोजना शुरू भएको थियो। आयोजना अन्तर्गतका तीनै सबस्टेशन निर्माण सम्पन्न भएका छन्। हेटौंडा सबस्टेशन निर्माणका लागि डिसेम्बर २०१८ मा ठेक्का सम्झौता भएको थियो। सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट निर्माण भएको २२०, १३२ र ११ केभी हेटौंडा सबस्टेशन निर्माणका लागि डिसेम्बर २०१८ मा ठेक्का सम्झौता भएको थियो। सो सबस्टेशनको अनुमानित लागत रु तीन अर्ब रहेको छ। विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारी र त्यसको नियन्त्रण तथा रोकथामका लागि लागू गरिएको बन्दाबन्दीले निर्माण प्रभावित भएको थियो। कोरोना महामारीका कारण सबस्टेशनमा जडान हुने विभिन्न उपकरण र प्राविधिक पूर्वनिर्धारित समयमा नै आयोजनास्थलसम्म आइ नपुगेको तथा अन्य कारणले आयोजना निर्माणमा केही ढिलाइ भएको थियो।

## राष्ट्रसङ्घीय समितिमा वन्दना राणा निर्वाचित

न्युयोर्क, २६ जेठ/रासस

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समिति महिलाविरुद्धको विभेद उन्मूलन कमिटी (सिड) को सदस्यमा नेपालकी वन्दना राणा निर्वाचित भएकीछन्। उनी उक्त पदमा पुनः निर्वाचित भएकी हुन्। राष्ट्रसङ्घीय समितिमा वन्दना राणा निर्वाचित शुक्रवार अमेरिकाको न्युयोर्कमा भएको मतदानमा राणा १४६ मत प्राप्त गर्दै विजयी भएकी हुन्। उनले सन् २०२५ देखि २०२८ सम्म कार्यभार सम्हानेछिन्।

नेपालको तर्फबाट विजयी भएपछि राष्ट्रसङ्घका लागि स्थायी नियोग प्रमुख लोकबहादुर थापाले सदस्य राष्ट्रहरूले गरेको सहयोगका लागि धन्यवाद दिए। तेइस सदस्यीय उक्त समितिले विश्वव्यापी रूपमा महिलाले भोग्नुपरेका समस्या, राष्ट्रसङ्घमा जनाइएका प्रतिबद्धता कार्यान्वयनलगायत महिलाविरुद्ध हुने हरेक प्रकारका विभेदबारे अनुगमन गर्ने गर्छ। उक्त समितिको कार्यालय जेनेभामा रहेको छ।

# गोलिया लोड जीपसहित चालक पक्राउ

प्रस, निजगढ, २६ जेठ/

बाराको राष्ट्रिय वन क्षेत्रबाट शुक्रवार राति पाँच थान सालको गोलिया लोड गरी चोरी तस्करी गरिरहेको अवस्थामा जीपसहित चालकलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, निजगढले डिभिजन वन कार्यालय, बारालाई बुझाएको छ । जीपका चालक कलैया उपमहानगरपालिका-१२ का २९ वर्षीय ताराचन्द्र राउत कुर्मी रहेको डिभिजन वन कार्यालय बाराले जनाएको छ ।




जीतपुरसिमरा उपमहानगरपालिका १६ किलोमिटर आसपासको वन क्षेत्रमा सालको रूख काटी ना.२च १६४९ नम्बरको जीपमा लोड गरी पिलुवा हुँदै कलैयातर्फ लैजाँदै गर्दा पूर्व-पश्चिम महेन्द्र राजमार्गको पिलुवामा शनिवार बिहान पाँच बजेको समयमा इप्रका, निजगढका प्रहरी निरीक्षक सुमित कुशवाहा नेतृत्वको सुरक्षा टोलीले पक्राउ गरेको थियो । जीपमा गोलिया चोरी तस्करी हुँदै गरेको सूचनाको आधारमा वन कर्मचारीले नाकामा कडाइ गरेको र वन सुरक्षाकर्मीहरू परिचालित गरिएको डिवका, बाराका प्रमुख विनोद सिंहले बताए ।

इप्रका, निजगढका प्रहरी निरीक्षक सुमित कुशवाहाले आफूलाई पनि सोबारे सूचना आएपछि गस्तीमा गएको टोलीले गोलिया लोड जीप, चालक पक्राउ गर्न सकेको बताए ।

पक्राउ परेका चालक कुर्मीले निजगढका अजय चौधरीको निर्देशनमा सालको गोलिया लोड गरेर जीपबाट कलैया लैजान लागेको प्रारम्भिक बयान दिएका छन् ।

बरामद काठ ९०.३२ क्युफिट रहेको र सोको बजार मूल्य रु चार लाखभन्दा बढी रहेको डिवका, बाराले जनाएको छ । घटनाबारेमा थप अनुसन्धान भइरहेको डिवका, बाराका प्रमुख सिंहले बताए ।

# ठगी आरोपमा युवक पक्राउ

प्रस, रौतहट, २६ जेठ/

ठगी आरोपमा जिल्ला प्रहरी कार्यालय, रौतहटले एकजनामाथि अनुसन्धान शुरू गरेको छ । विद्यार्थी भिसामा रूस पठाउने भनेर नेपालस्थित रसियाली राजदूतावासको नक्कली कागजपत्रहरू बनाएर यमुनामाई गाउँपालिका-२ बस्ने २० वर्षीय जीतेन्द्रकुमार यादवसँग रु १० लाख ८७ हजार ठगी गरेर सोही स्थान निवासी २३ वर्षीय राहुलकुमार प्रजापति फरार थिए ।

उनलाई मलङ्गवा प्रहरीले पक्राउ गरी जिप्रका, रौतहटमा बुझाएको र रौतहट प्रहरीले हिजो अदालतमा पेश गरी म्याद थप गरेर थप अनुसन्धान गरिरहेको छ ।



## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**दिगो ...**

पारदर्शी ढङ्गले उचित व्यवस्थापन गर्नु रहेको बताए । वनविनाशले वातावरण असन्तुलन हुने, प्राकृतिक विपत्ति निम्तन सक्ने भन्दै यसतर्फ सबैजना सचेत, सजग र चनाखो हुन जरुरी भएको सुझाए ।

मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका उपसचिव राजीवकुमार झाले विगतका भन्दा अहिले मधेस प्रदेशको वन क्षेत्रको अवस्था सुधारोन्मुख रहेको बताए । सबैले आफ्नो जिम्मेवारीबाट पछि हट्न नहुने बताउँदै पुनः उत्पादनमा जोड दिन वन क्षेत्रको अतिक्रमित भूभागहरू खाली गराउनुपर्ने उनले बताए । प्राकृतिक स्रोत वन भावी पुस्ताहरूका पनि सार्वजनिक राष्ट्रिय सम्पत्ति भएको बताउँदै यसको संरक्षणमा जोड दिनुपर्ने प्रत्येक नागरिकको जिम्मेवारी भएको उनले जिकिर गरे ।

उनले वन ऐन, कानूनको अधीनभित्र रही वनको संरक्षण गर्दै सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजनाका आधारमा वनको विकास, संवर्द्धन लगायतका कार्य गर्न आग्रह गर्दै सुक्खायाम भएकोले वन डढेलो वन क्षेत्रमा लाग्न नदिने गरी सक्रिय रहन वन समूहका पदाधिकारीहरूलाई आग्रह गरे ।

डिभिजन वन कार्यालय, बाराको आयोजनामा गढीमाई साझेदारी वन व्यवस्थापन समिति पथलैयाको सभाहलमा सम्पन्न कार्यक्रममा वन अधिकृतहरू विनोद पटेल, सञ्जयकुमार चौधरी, नीरज साह, सोमलाल घलान, रेन्जर नीरज पोखरेलले सहजीकरण गरेका थिए । जिल्लाका विभिन्न सामुदायिक वन समूह, साझेदारी वन समितिका पदाधिकारी, प्रतिनिधि तालीममा सहभागी रहेको कार्यक्रम संयोजक वन अधिकृत विनोद पटेलले बताए । गढीमाई साझेदारी वन व्यवस्थापन समिति, पथलैयाका अध्यक्ष रामएकबाल प्रसादको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सन्दीप पटेलले गरेका थिए ।

# खेलकूदको संसार

## जिल्ला लिग फूटबलको उपाधि युनिटले जित्यो

प्रस, वीरगंज, २६ जेठ/

वीरगंजको आदर्शनगर रङ्गशालामा जारी जिल्ला लिग फूटबल प्रतियोगिताको उपाधि युनिट युवा क्लब श्रीसियाले जितेको छ । पर्सा जिल्ला फूटबल सङ्घको आयोजनामा जारी प्रतियोगितामा भेट्रान्स सिटी क्लब वीरगंजलाई दुईका विरुद्ध तीन गोलअन्तरले पराजित गर्दै युनिट युवा क्लबले उपाधि जितेको हो ।




शनिवार भएको फाइनल खेलको आठौं मिनेटमा भेट्रान्स सिटी क्लबका रवि चौधरीले पहिलो गोल गरेका थिए । तर भेन्ट्रासका खेलाडीले आत्मघाती गोल गरेर बराबरी बनाए । त्यसैगरी, खेलको २५औं मिनेटमा युनिट युवाका सुनील गुरुङले दोस्रो गोल गरेका थिए भने यो गोललाई भेन्ट्रासका रवि चौधरीले एक मिनेटको अन्तरालमा फिर्ता गरी खेल बराबरीमा ल्याए । तेस्रो गोल युनिटका रेमन डङ्गोलले गरे र यही गोल फाइनलको निर्णायक गोल भयो । उनी नै आजको खेलको 'म्यान अफ दी म्याच' घोषित भए । प्रतियोगिताका विजेता र उपविजेता टीमलाई नगरप्रमुख राजेशमान सिंहले शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरेका थिए । पर्सा जिल्ला फूटबल सङ्घका अध्यक्ष रोशन कलवारको अध्यक्षता भएको समापन कार्यक्रममा अखिल नेपाल फूटबल सङ्घ मधेस प्रदेशका महासचिव दीपक साह, भेट्रान सिटी क्लबका अध्यक्ष सबिन बस्नेत, उपाध्यक्ष सागर राणालगायतको सहभागिता थियो । कार्यक्रममा पङ्कज श्रेष्ठले स्वागत र विनोद परियारले सहजीकरण गरेका थिए ।

## राष्ट्रिय फुटबल खेलाडी प्रिती सम्मानित

धरान (सुनसरी), जेठ २६/रासस

धरान उपमहानगरपालिका-१७ साकेला उद्यान (पार्क)मा शनिवार सम्पन्न भएको उभौली साकेलाका अवसरमा राष्ट्रिय महिला फूटबल खेलाडी प्रीति राईलाई नगदसहित सम्मान गरिएको छ ।

किरात राई यायोक्खा सुनसरीले आयोजना गरेको उभौली साकेलाका अवसरमा रु एक लाख पाँच हजार ८४ र सम्मानपत्रसहित उनलाई सम्मान गरिएको हो । यायोक्खा सुनसरीका अध्यक्ष राजेन्द्र राई, धरान उपमहानगरपालिका प्रमुख हर्क साम्पाङ, पूर्वप्रमुख तिलक राईले दोसल्ला ओढाएर नगदसहित राईलाई सम्मान गरेका थिए ।

खेलाडी प्रीति १६ वर्षको उमेरमैं पहिलोपटक नेपाली राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएकी खेलाडी हुन् । विसं २०६१ मा जन्मिएकी प्रीति राष्ट्रिय महिला फूटबल टीमकी उदीयमान र कान्छी खेलाडी भनेर पनि चिनिन्छिन् । उनी नेपाल यू-१५ र यू-१६ टोलीको कप्तानसमेत रहेकी प्रीति दोस्रो अवसरमा राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भएकी थिइन् ।

उभौली साकेलाको अवसरमा राष्ट्रिय एथलेटिक्स प्रशिक्षक पार्वती राई, महेन्द्र बहुमुखी क्याम्पस धरानका क्याम्पस प्रमुख चन्द्रकुमार राई, इन्जिनीयर पारसमणि राई र एमबिई सुवास राईलाई समेत यायोक्खा सुनसरीले दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो ।

## गण्डकी प्रदेशस्तरीय फूटबलः सेमिफाइनल समीकरण पूरा

कास्की, २६ जेठ/रासस

पोखरा रङ्गशालामा सञ्चालन भइरहेको गण्डकी प्रदेशस्तरीय पुरुष फूटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

गण्डकी प्रदेश खेलकूद परिषद् र गण्डकी प्रदेश फूटबल सङ्घको आयोजनामा भइरहेको प्रतियोगिताको शनिवार दोस्रो दिनको खेलपछि सेमिफाइनल खेल्ने टोलीको समीकरण निश्चित भएको हो । सेमिफाइनलको पहिलो खेलमा म्याग्दीले कास्कीको सामना गर्नेछ भने बागलुङ र तनहुँबीच फाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ ।

आज सम्पन्न भएका क्वाटरफाइनल खेलमा म्याग्दीले स्याङ्जामाथि टाइब्रेकरमा ४-३ को जीत निकाल्न सफल भयो । निर्धारित समयमा दुवै टीमको २-२ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । स्याङ्जाका क्षितिज जिटी र राजेन्द्र श्रेष्ठको प्रहार बाहिरिएपछि म्याग्दीको जीत सहज बनेको थियो । यता म्याग्दीका रिजन पुनको समेत प्रहार बाहिरिएको थियो ।

निर्धारित समयमा बलियो मानिएको स्याङ्जालाई म्याग्दीले आक्रामक खेल खेल्दै ३२ मिनेटमा उक्त टोलीका सुमन पुनले अग्रता दिलाए भने ठीक तीन मिनेटपछि मनीष श्रेष्ठले टीमका लागि अर्को गोल थपे । खेलको मध्यान्तरपछि स्याङ्जा खेलमा फर्कियो । स्याङ्जाका लागि सोम गुरुङ र अनिश गुरुङले गोल गर्दै खेल बराबरीमा ल्याए ।

कास्कीले आफ्नो घरेलु मैदानको फाइदा उठाउँदै नवलपुरविरुद्धको खेल ४-० गोलले जितेको छ । खेलको ३३औं मिनेटमा विक्रम गौतमले नवलपुरविरुद्ध गोल गर्दै कास्कीलाई अग्रता दिएका थिए । अभिषेक थापाले खेलको दोस्रो हाफमा दुई गोल गरे । उनले ४५औं र ४८औं मिनेटमा गोल गरे भने ५४औं मिनेटमा किशन गुरुङले कास्कीका लागि चौथो गोल गरे ।

आयुष खड्काको ह्याट्रिकमा पर्वतविरुद्ध बागलुङले ४-० को सहज जीत निकालेको छ । आयुषले खेलको ४२, ४९ र ७८औं मिनेटमा गोल गरे । यस्तै, निश्चल महतले ७१औं मिनेटमा चौथो गोल थपेपछि बागलुङले सहज निकालेको हो ।

यसैगरी, अन्तिम क्वाटरफाइनलमा तनहुँले लमजुङविरुद्धको खेल ५-० ले जितेको छ । गोरखाविरुद्ध पहिलो खेल जितेको तनहुँले क्वाटरफाइनलमा लमजुङलाई पराजित गरेको हो । तनहुँका सन्तबहादुर गुरुङले ह्याट्रिक पूरा मात्रै गरेनन्, उनले चार गोल गरे । सन्तले १८, ५६, ६५ र ७८ औं मिनेटमा गोल गरे भने सौगात गुरुङले खेलको ३३औं मिनेटमा एक गोल थपे ।

सङ्घका महासचिव विनोद गुरुङले आइतवार सेमिफाइनलका खेलहरू सञ्चालन हुने जानकारी दिए । प्रतियोगितामा उपाधि विजेता टीमले नगद रु दुई लाख र उपविजेताले नगद रु एक लाखका साथमा ट्रफी र मेडल प्राप्त गर्नेछन् । प्रतियोगिताबाट १०औं राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि खेलाडी छनोट हुने आयोजकले जनाएको छ । प्रतियोगिता यही जेठ २८ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा गण्डकी प्रदेशका ११ जिल्लामध्ये मुस्ताङबाहेक १० जिल्लाको सहभागिता छ ।

## चन्द्रगिरिमा कार रेस प्रतियोगिता

कीर्तिपुर (काठमाडौं), २६ जेठ/रासस

यसपटकको राष्ट्रिय कार रेस प्रतियोगिता नेशनल अटोक्रोस च्याम्पियनशिपको उपाधि आशिष भारतीले जितेका छन् । नेपाल मोटर स्पोर्ट्स एन्ड रोड सेफ्टी फेडेरेशनद्वारा चन्द्रागिरिस्थित मदन भण्डारी स्पोर्ट्स कम्प्लेक्समा शनिवार आयोजित प्रतियोगितामा विप्लप श्रेष्ठ दोस्रो भएका थिए । प्रतियोगितामा पहिलो र दोस्रो हुनेलाई भियतनाममा केही समयपछि हुने अन्तर्राष्ट्रिय मोटर रेस प्रतियोगितामा सहभागी गराइने जानकारी आयोजकहरूले दिएका छन् । प्रतियोगितामा तीनजना महिलासहित २७ जना सहभागी थिए ।

प्रतियोगिताकै नोभिस श्रेणीतर्फको रेसमा लाक्पा सोनाम शेर्पाले प्रथम स्थान हासिल गरे भने राजकुमार कार्की दोस्रो भए । प्रतियोगिता अन्तर्गत ललितपुर चन्द्रागिरि सम्पदा मोटर र्‍यालीमा भने विप्लव श्रेष्ठ र राजन गिरीको जोडी प्रथम, प्रवेश पौडेल र प्रज्वल पौडेलको जोडी दोस्रो र आशिष भारती र गौरवराज मानन्धरको जोडी तेस्रो भएका थिए । उक्त प्रतियोगितामा ललितपुर, काठमाडौं र कीर्तिपुरका विभिन्न सम्पदा घुम्दै चन्द्रागिरि पुग्नुपर्ने थियो । यसमा प्रत्येक कारमा चालक र नेभिगेटर गरी दुई व्यक्ति सहभागी हुने गर्छन् ।

विजयी खेलाडीलाई पुरस्कार वितरण गर्दै चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले परम्परागत खेल मात्र नभई कार रेसजस्तो पर्यटन प्रवर्द्धन गर्ने साहसिक खेलमा समेत नगरपालिकाले ध्यान दिन थालेको र आगामी दिनमा यस्ता प्रतियोगिता गर्न नगरपालिकाको तर्फबाट सहयोग रहने बताए । देशमा साहसिक कार रेस प्रतियोगिताको विकास गर्ने र नेपाललाई यस खेलको विश्वस्तरीय स्पर्धाका लागि आकर्षक गन्तव्यका रूपमा प्रचार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक संस्थाका अध्यक्ष दीपक आचार्यले जानकारी दिए । कार रेसिङ खेलको अन्तर्राष्ट्रिय संस्था फिआका नेपाल प्रतिनिधि गोविन्द भट्टराईले पर्यापर्यटनलाई समेत टेवा दिने भएकोले आगामी दिनमा यो खेल लोकप्रिय हुने प्रचुर सम्भावना रहेको बताए ।

प्रतियोगिता संयोजक एवं संस्थाका सचिव अनिल बरालले चन्द्रगिरिमा प्रतियोगिता आयोजना हुँदा देखिएको जनसमर्थनले देशमा एउटा रेस ट्र्याकको आवश्यकता टड्कारो देखिएको बताए ।